## २०७५ मंसिर १० गते को गाउँकार्यपालिकाको बैठक को निर्णय

**प्रस्ताव नं १: वुङ्चुङ प्रतिक्षालय सम्बन्धमा ।**

प्रस्ताब नं १ माथी छलफल गर्दा विगतमा सरकारी लगानी गरि निर्माण चरणमा रहेको वुङ्चुङ प्रतिक्षालय अधुरो  अबस्था रहेकोले प्रयोगमा ल्याउन लगत इष्टिमेट अनुसारको कार्य गर्न अध्यक्ष प्रेमनाथ सिलवाल लाई जिम्मा दिने र कार्य सम्पन्न भएपछि खर्चको अनुमोदन आगामी बैठकबाट गर्ने सर्बसमिति बाट निर्णय गरियो ।

**प्रस्ताव नं २: कृषि पर्यटन तथा औधोगिक मा २०७५ लाई अनुदान दिने सम्बन्धमा ।**

प्रस्ताव नं२ माथी छलफल गर्दा धादिङको पहिचान को रुपमा संचालीत वेनिघाट रोराङ गाउँपालिका मा संचालन मिति २०७५/०८/१४ देखिको कृषि पर्यटन औधोगिक मेला २०७५ लाई तयारी खर्च बापत १,००,०००अनुदान दिने सर्वसम्मत बाट निर्णय गरियो ।

**प्रस्ताव नं ३ : सशर्त अनुदानको र निसर्त अअनुदान बाट विद्यालयमा विद्युतिय हाजिर नेट जडान सम्बन्धमा ।**

प्रस्ताव नं३ माथी ५लफल गर्दा शसर्त निसर्त अनुदानबाट मा वि र कक्षा  ८ सम्म संचालन भएका विद्यालयमा विद्युतिय  हाजिर र नेट जडान गर्न प्रतिक कम्प्यूटर प्रसिक्षण   केन्द्र संग कोटेशन माग गर्ने र जडान गर्न सर्वसमिति बाट निर्णय गरियो ।

**प्रस्ताव नं ४: विद्युतमा छुट्याईएको रकम सम्बन्धमा।**

प्रस्ताव नं४ माथी छलफल गर्दा विद्युत शिर्षक  मा छुट्याईएको १          ,०५,००,००० मध्ये ५,००,०००वडा नं ७ को ट्रान्सफर्मर मा विनियोजन भै सकेकोले वांकी रकम १०  ,०००,००० बाट ८ मिटरको पुल ग्यावनाईज पोल ठेक्का पट्टा बाट खरिद गर्ने सर्वसमिति बा६ निर्णय गरियो ।

**प्रस्ताव नं ५: ग्यांसटार सामुदायिक भवन सम्बन्धमा।**

प्रस्ताव नं ५ माथी छलफल गर्दा ग्यांसटार सामुदायिक भवन अधुरो रहेकोले सम्पन्न गर्न पुंजिगत भैपरी शिर्षकबाट २ ,००,०००विनियोजन गरि काम गर्ने सर्वससमिति बाट निर्णय गरियो ।

**प्रस्ताव नं ६: नयां भवनलाई फर्निचर सम्बन्धमा ।**

प्रस्ताव नं ६ माथी छलफल गर्दा नयं भवन निर्माणको अन्तिम चरणमा रहेको र गाउंपालिका को कार्यालय सवै आबश्यक फर्निचर खरिद गर्ने सर्वसमिति बाट निर्णय गरियो ।

**प्रस्ताव नं ७: वडा नं ६ को नेपालटार सामुदायिक भवन सम्बन्धमा।**

प्रस्ताव ७ माथी छलफल गर्दा वडा नं ६ को नेपालटार सामुदायिक भवनमा ट्रस निर्माण गर्न इष्टिमेट गर्न लगाउने सर्व समिति बाट निर्णय गरियो ।

**प्रस्ताव नं ८: नलाङ स्वास्थ्य चौकी खानेपानी मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं ८ माथी छलफल गर्दा नलाङ स्वास्थ्य चौकी को खानेपानी विग्रेकोले मर्मत सम्भार गर्न इष्टिमेट गरि काम अघि बढाउन सर्व समिति बाट निर्णय गरियो ।

**प्रस्ताव नं ९ : सुत्केरीलाई यातायात खर्च सम्बन्धमा ।**

प्रस्ताव ९ माथी छलफल गर्दा सिद्धलेक गा पा भित्रका महिला ले नियमित रुपमा स्वास्थ्य चौकी वा अस्पताल मा जांच तथा गापा बाहिरका अस्पताल हरुमा सुरक्षीत तरिकाले सुत्केरी गराएमा नेपाल सरकारले उपलब्ध गराएको यातायात खर्च बाहेक गा ले थप १००० यातायात खर्च दिने सोको लागि स्वास्थ्य चौकी र स्वास्थ्य विन्दु बाट आबश्यक कागजात माग गरि भुक्तानी गर्ने सर्वसमिति बाट निर्णय गरियो ।

**प्रस्ताव नं १० : सडक बोर्ड नेपाल को रकम सम्बन्धमा ।**

प्रस्ताव १० माथी छलफल गर्दा सडक बोर्ड नेपाल बाट प्राप्त हुने १० ,०००,००० बाट वैरेनी पिपलनलाङ ठाटी कमलावारी सडक मर्मत स्तरउन्नति गर्ने र वैरेनी पिपलनलाङ ठांटी कमलावारी मा विनियोजित रकम ७५ ,००,०००।- मध्ये १० ,००,०००।- बाट खिर्रे पात्ले खर्कगैरा सडक स्तरउन्नती गर्ने सर्वसमिति बाट निरणय गरियो ।

**प्रस्ताव नं ११ :  ग्यांसटार को झोलुङ्गे पुल को सडक सम्बन्धमा ।**

प्रस्ताव नं ११ माथी छलफल गर्दा ग्सटारको झोलुङ्गे पुल निर्माण पछि पुल दायं वायां बाट मनिस आवत जावत गर्न कठिनाई भएकोले मानिस आवतजावत गर्नपुलको बाहिरि भाग मर्मत गर्न पुंजि भैपरि शिर्षकबाट ६५,०००विनियोजन गर्ने सर्वसमिति बाट निर्णय गरियो ।

**प्रस्ताव नं १२: वैरेनी वरवोटे सामुदायिक भवन सम्बन्धमा ।**

प्रस्ताव नं १२ माथी छलफल गर्दा वैरेनी वरवोटे सामुदायिक भवन निर्माण गर्न पूंजिगत भैपरि शिर्षकबाट रु ३०००००।- विनियोजन  गर्न सर्व समिति बाट निर्णय गरियो ।

**प्रस्ताव नं १३: कुम्पुर clc को सम्बन्धमा ।**

प्रस्ताव नं १३ माथी छलफल गर्दा कुम्पुरको सामुदायिक अध्ययन केन्द्रको शिक्षिकालाई कुम्पुर आ वि मा सरुवा गर्ने र सोहि विद्यालयमा संचालन गर्ने सर्वसमिति बाट निर्णय गरियो ।

**प्रस्ताव नं १४ : खानेपानी सम्बन्धमा।**

प्रस्ताव नं १४ माथी छलफल गर्दा तपसिलका योजना संचालन गर्न प्रयास नेपाललाई जिम्मा दिने सर्वसमिति बाट निर्णय गरियो ।

**<u>तपसिल</u>**

१. थुम्कीडांडा खा. पा. वडा नं २ ।
२. तल्लो छापगाउं खा. पा वडा नं १ ।
३. कुम्पुर डांडा खा .पा ट्याङ्की  वडा नं ५ ।
४. महाकाली मा. वि खा .पा वडा नं ७ ।

**प्रस्ताव नं १५ : घर्तीखोला वडा नं ७ को योजना सम्बन्धमा ।**

प्स्ताव नं १५ माथी छलफल गर्दा वडा नं ७को घर्तिखोला मा १० थान ग्याविन जाली उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं १६ :  योजना स्टिमेट सम्बन्धमा ।**

प्रस्ताव नं १६ माथी छलफल गर्दा तपसिलमा योजना हरु लगत इष्टिमेट गर्न प्राविधिक पठाउने सर्वसमिति बाट निर्णय गरियो ।

**<u>तपसिल</u>**

१ नेपालटार सामुदायिक भवन ट्रस निर्माण वडा नं ६ ।
२ सन्तेचौतारो सडक वडा नं १ ।
३ बगैचा सार्कीडांडा सडक वडा नं १ ।
४ बलौटे कुवा विस्टारी सडक वडा नं २ ।
५ छापडांडा फलेते सडक वडा नं २ ।
६ शान्ती स्कुल जाने बाटो वडा नं २ ।
७ शान्ती सामुदायिक अध्ययन केन्द्र मर्मत वडा नं २ ।
८ मजुवा खानेपानी मर्मत वडा नं ४ ।
९ फिसटार सलाङ्घाट सडक वडा नं ४।
१० मैदान सलाङ्घाट सडक वडा नं ४ ।
११ आरुवास सामुदायिक भवन वडा नं ४ ।
१२ सुकौराखोला वेनिटार कुलो सिंचाई ग्याविन जाली वडा नं ५ ।
१३ बागभैरव आ वि खेल मैदान वडा नं ५ ।
१४ सलाङ माथिल्लो टोल सडक वडा नं ५ ।
१५ काम्राङ आमा समुह भवन निर्माण वडा नं ५ ।
१६ खरमटार छापडांडा सडक ग्याविन जाली वडा नं ६ ।
१७ जलेश्वरी आमा समुह वडा नं ५ ।

**प्रस्ताव नं १७: खतिवडा गाउं बगैचा सिंचाई सम्बन्धमा ।**

प्रस्ताव नं १७ माथी छलफल गर्दा खतिवडा गाउं बगैचा सिंचाई को लाई १०००मिटर २५को पाईप पूंजिगत भैपरि बाट खरिद गरि भुक्तानी गर्ने सर्वसमिति बाट निर्णय गरियो ।